# अर्थ बुलेटिन

वर्ष १ अंक ७ फागुन, २०७६


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

चालु आर्थिक वर्षको माघ महिनासम्ममा समष्टिगत आर्थिक परिसूचकहरु सकारात्मक रहेका छन्। संघीय सरकारको खर्च बृद्धि हुँदै गएको छ। आयातमा भएको कमीले भन्सार विन्दुमा संकलन हुने राजस्व घटे पनि आन्तरिक राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। स्थायी लेखा नम्बर लिने करदाताको संख्यामा भएको उत्साहजनक वृद्धिसँगै कराधारमा विस्तार भएको छ । निकासीमा भएको वृद्धि र पैठारीमा आएको कमी तथा शोधनान्तर बचत एवम पर्याप्त विदेशी विनिमय सञ्चितिले वाह्य क्षेत्र सन्तुलन कायम भएको छ। बैंक तथा वित्तिय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा एवं निक्षेप परिचालनमा वृद्धि भएको छ । वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदारको संख्या चालु आर्थिक वर्षको शुरुका महिनामा केही घटेको भएता पनि पछिल्ला महिनाहरुमा यस्तो संख्या तुलनात्मक रुपमा बढेको छ। विद्युत उत्पादन, आपूर्ति र उपभोग बढेको छ। बैंकिङ्ग सेवाको पहुँच द्रुत गतिले बढ्दैछ भने बीमा प्रिमियम संकलनमा वृद्धि हुनुको साथै बीमामा जनसंख्याको पँहुच पनि बढेको छ। प्रमुख आर्थिक परिसूचकहरुको प्रवृत्ति विश्लेषण गर्दा समग्र मूल्य स्थितिमा केही चाप पर्दै गएको र बाँकी आर्थिक परिसूचकहरु सुधार उन्मुख देखिन्छन्।


**प्रकाशन तथा सम्पादन**

आर्थिक नीति विश्लेषण महाशाखा

सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको रु. ४ खर्व ५३ अर्व ९ करोडको तुलनामा ७.१ प्रतिशतले वृद्धि भई रू. ४ खर्व ८६ अर्ब १२ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू, ३ खर्व ६५ अर्व ७१ करोड, पूँजीगत खर्च रू. ७६ अर्व ९० करोड र वित्तीय व्यवस्थातर्फको खर्च रू. ४३ अर्व ५१ करोड रहेको छ।




चार्ट (क): पछिल्लो ५ वर्षको माघसम्मको सरकारी खर्चको प्रवृत्ति (रू. अर्बमा)

स्रोत: महालेखा नियन्त्रक कार्यालय

### राजस्व परिचालन

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा कुल राजस्व परिचालन गत आर्थिक वर्षको सोही अवधिको रु. ४ खर्व ५५ अर्व ३९ करोडको तुलनामा १३.३ प्रतिशतले वृद्धि भई रू. ५ खर्व १५ अर्व ९० करोड पुगेको छ। कुल राजस्व परिचालन मध्ये कर राजस्व रू. ४ खर्व ४७ अर्ब ८२ करोड र गैरकर राजस्व रू. ६८ अर्व ८ करोड रहेको छ।




चार्ट (ख): पछिल्लो ५ वर्षको माघसम्मको राजस्व परिचालनको प्रवृत्ति (रू. अर्बमा)

स्रोत: अर्थ मन्त्रालय

चार्ट (ग): आर्थिक वर्ष २०७५/७६ (बायाँ) र आर्थिक वर्ष २०७६/७७ (दायाँ) को माघसम्मको राजस्व संकलनको संरचना







#अन्य अन्तर्गत शिक्षा सेवा शुल्क र अन्यकर समावेश गरिएको छ ।
स्रोत: अर्थ मन्त्रालय

तालिका (क): राजस्व लक्ष्य र असुली (रू. अर्बमा)

| राजस्व शिर्षक | आर्थिक वर्ष २०७६/७७ को वार्षिक लक्ष्य | राजस्व असुली | | बृद्धिदर |
|---|---|---|---|---|
| | | २०७५ माघसम्म | २०७६ माघसम्म | |
| भन्सार महशुल | २१३.२० | ९१.१९ | ८९.३९ | -२.० |
| मूल्य अभिवृद्धि कर | ३१५.०१ | १३४.३६ | १४७.५५ | ९.८ |
| आन्तरिक | ११८.३८ | ४६.३६ | ६२.४४ | ३४.७ |
| पैठारी | १९६.६३ | ८८.०३ | ८५.११ | -३.३ |
| अन्तशुल्क | १६९.९८ | ६९.५१ | ७०.७२ | १.७ |
| आन्तरिक | १०६.३० | ३९.०६ | ४२.५९ | ९.० |
| पैंठारी | ६३.६८ | ३०.४५ | २८.१३ | -७.६ |
| आयकर | २८०.३५ | ९६.९७ | १२७.७५ | ३१.७ |
| अन्य # | ३०.६२ | १७.० | १२.४२ | -२६.९ |
| **जम्मा कर राजस्व** | **१००९.१६** | **४०९.०५** | **४४७.८२** | **९.५** |
| **गैरकर राजस्व** | **१०२.८७** | **४६.३४** | **६८.०८** | **४६.९** |
| **कुल राजस्व** | **१११२.०३** | **४५५.३९** | **५१५.९०** | **१३.३** |

#यस अन्तर्गत शिक्षा सेवा शुल्क र अन्य कर रहेका छन्।बहालकर र ब्याजकरलाई आयकरमा गणना गरिएको छ।
स्रोत: अर्थ मन्त्रालय

## करको दायरा विस्तार

२०७६ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरुको संख्या २१ लाख ७१ हजार ५ सय २४ रहेकोमा २०७६ माघ महिनासम्म यस्तो संख्या ४८.०३ प्रतिशतले बढेर ३२ लाख १४ हजार ४ सय १० पुगेको छ। २०७६ माघमसान्तसम्म व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता संख्या १३ लाख ४५ हजार ९ सय ५५ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता संख्या १८ लाख ६४ हजार ४ सय ४८ पुगेका छन्। चालु आर्थिक वर्षको माघ महिनासम्ममा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ८ लाख ७१ हजार ५ सय ६८ थप भएका छन्। २०७६ माघसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता २ लाख ५२ हजार १ सय ४ पुगेका छन्। चालु आर्थिक वर्षको श्रावण देखि माघ महिनासम्ममा ३७ हजार ९ सय ९५ नयाँ करदाताहरु मूल्य अभिवृद्धि करमा दर्ता भएका छन्। २०७६ माघसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको संख्या ९७ हजार ९ सय २४ पुगेको छ।

| तालिका (ख): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण | | | | |
|---|---|---|---|---|
| **दर्ताको प्रकार** | २०७६ असारसम्म स्थायी लेखा नम्बर लिएका करदाताको संख्या | आर्थिक वर्ष २०७६/७७ को श्रावणदेखि माघ महिनासम्ममा थप भएका स्थायी लेखा नम्बर लिने करदाताको संख्या | २०७६ माघसम्ममा स्थायी लेखा नम्बर लिने जम्मा करदाताको संख्या | प्रतिशत परिवर्तन |
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | ११७७९०७ | १६८०४८ | १३४५९५५ | १४.२७ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ९९२८८० | ८७१५६८ | १८६४४४८ | ८७.७८ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्वर (WPAN) | ७३७ | ३२७० | ४००७ | ४४३.६९ |
| **जम्मा स्थायी लेखा नम्बर** | २१७१५२४ | १०४२८८६ | ३२१४४१० | ४८.०३ |
| मूल्य अभिवृद्धि कर | २१४१०९ | ३७९९५ | २५२१०४ | १७.७५ |
| अन्तःशुल्क | ७८८०७ | १९११७ | ९७९२४ | २४.२६ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

## सार्वजनिक ऋण तथा वैदेशिक सहयोग

२०७६ माघसम्म संघीय सरकारको तिर्न बाँकी खुद सार्वजनिक ऋण रू.११ खर्ब १४ अर्ब ८१ करोड पुगेको छ। यस मध्ये आन्तरिक ऋण रू.४ खर्ब ५१ अर्ब ९ करोड र वैदेशिक ऋण रू. ६ खर्ब ६३ अर्ब ७२ करोड रहेको छ। यस अवधिमा संघीय सरकारले आन्तरिक ऋण तर्फ रू. २ अर्ब ४० करोड वरावरको साँवा भुक्तानी र रू. १० अर्ब ६५ करोड ४४ लाख वरावरको व्याज भुक्तानी गरेको छ। त्यसैगरी, बाह्य ऋणतर्फ सावाँ रू. १० अर्ब ३२ करोड ८९ लाख र व्याज रू. २ अर्ब १३ करोड ६४ लाख भुक्तानी गरेको छ।

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा रू.१ खर्ब ९ अर्ब २८ करोड बरावरको वैदेशिक सहायता प्रतिबद्धता प्राप्त भएको छ। यस मध्ये अनुदान रु. १६ अर्ब २० करोड र ऋण रु. ९३ अर्ब ८ करोड रहेको छ । उक्त प्रतिवद्धतामा अनुदान र ऋणको हिस्सा क्रमशः १४.८२ प्रतिशत र ८५.१८ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो हिस्सा क्रमशः १२.५९ प्रतिशत र ८७.४१ प्रतिशत रहेको थियो।

चालु आर्थिक वर्षको माघ महिनासम्ममा संघीय सरकारले प्राप्त गरेको वैदेशिक अनुदान गत आर्थिक वर्षको सोही अवधिको रू.७ अर्ब ५० करोडको तुलनामा ८० प्रतिशतले बढेर रू. १३ अर्ब ४९ करोड पुगेको छ। त्यसैगरी, यस अवधिमा संघीय सरकारले प्राप्त गरेको वैदेशिक ऋण गत आर्थिक वर्षको सोही अवधिको रू. ४१ अर्ब ५८ करोडको तुलनामा ५२ प्रतिशतले कमी आई रू. १९ अर्ब ८४ करोड रहेको छ।

## वित्तीय क्षेत्र

२०७६ पुष मसान्तसम्म वाणिज्य बैंकको उपस्थिति भएका स्थानीय तहको संख्या ७४५ पुगेको छ। गत वर्षको पुष महिनासम्म यस्तो संख्या ७०३ रहेको थियो । २०७६ असारसम्म बैंक शाखा सञ्जाल ८ हजार ६ सय ८६ रहेकोमा २०७६ पुष महिनासम्म यस्तो संख्या ९ हजार ३ सय ९४ पुगेको छ। वार्षिक बिन्दुगत रुपमा २०७६ पुषमसान्तमा बैंक तजा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जा १५.१ प्रतिशतले वृद्धि भई रु. ३१ खर्ब १३ अर्ब ५५ करोड र बैंक तथा वित्तिय संस्थाको निक्षेप परिचालन १६.३ प्रतिशतले वृद्धि भई ३४ खर्ब ३४ अर्ब ९८ करोड भएको छ ।

चालु आर्थिक वर्षको माघ महिनासम्ममा बीमा प्रिमियम संकलन गत आर्थिक वर्षको सोही अवधिको रु. ४७ अर्ब ५६ करोडको तुलनामा ४५.९४ प्रतिशतले बढेर रू. ६९ अर्ब ४१ करोड पुगेको छ।

२०७६ माघ महिनासम्म वैदेशिक रोजगारीमा जाने सहित बीमा सेवा पुगेको जनसंख्या ८० लाख ९५ हजार ३ सय ७९ रहेको छ। यो संख्या कुल जनसंख्याको २६.९६ प्रतिशत हो। २०७५ माघ महिनासम्म बीमा सेवा पुगेको जनसंख्या २४.३७ प्रतिशत रहेको थियो।

| तालिका (ग): वित्तीय पहूँचका सूचकहरु | | | |
|---|---|---|---|
| **सूचकहरु** | **२०७६ असारसम्म** | **२०७६ माघसम्म** | **प्रतिशत परिवर्तन** |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जाल संख्या | ८६८६ | ९३९४ | ८.२ |
| निक्षेप खाता संख्या# | २७८६६५०५ | ३१११२१९४ | ११.६ |
| ATM को संख्या* | ३३१६ | ३६६२ | १०.४ |
| Debit Card संख्या* | ६७०८५२१ | ७२१५६४६ | ७.६ |
| क्रेडिट कार्ड संख्या* | १२३१४६ | १४६८५६ | १९.३ |
| वाणिज्य बैंक पुगेको स्थानीय तहको संख्या | ७३५ | ७४५ | १.४ |

स्रोतः नेपाल राष्ट्र बैङ्क

*पुषसम्मको

#क+ख+ग वर्गका बैङ्क तथा वित्तीय संस्थाहरुको मात्र।

## पूँजी बजार

वार्षिक विन्दुगत आधारमा २०७५ माघ मसान्तमा ११२८.१९ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७६ माघ मसान्तमा १३४५.९८ विन्दु कायम भएको छ।

## समग्र मूल्य स्थिति

२०७६ पुषमा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ६.८ प्रतिशत रहेको छ। यस अवधिमा तरकारी, फलफुल, मसला, दाल तथा गेडागुडी, घरायसी उपयोगिताका वस्तु तथा सेवा, लुगा तथा जुत्ता र शिक्षा लगायातका वस्तु तथा सेवाको मूल्य वृद्धि तुलनात्मक रुपमा बढी रहेको छ।

## बाह्य क्षेत्र

### वस्तु निकासी

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको रु. ५३ अर्ब ८ करोडको तुलनामा २२.४ प्रतिशतले वृद्धि भई रू. ६४ अर्ब ९७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी ११.५ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्षको माघ महिनासम्ममा भारततर्फको निकासी ३८.० प्रतिशतले बढेको छ भने चीन र अन्य देशहरुतर्फको निकासी क्रमशः १२.७ प्रतिशत र २.४ प्रतिशतले घटेको छ। चालु आर्थिक वर्षको पहिलो ७ महिनामा प्रशोधित पाम आयल, भटमासको तेल (प्रशोधित), अलैंची, जुटका कपडा लगायतका वस्तुको निकासी बढेको छ।

| तालिका (ङ) : २०७६ माघ महिनासम्ममा निकासी भएका मुख्य ५ वस्तुहरु (रु. अर्बमा) | | | |
|---|---|---|---|
| वस्तुको नाम | २०७५ माघसम्म | २०७६ माघसम्म | बृद्धि प्रतिशत |
| प्रशोधित पाम आयल | ३.३२ | १३.९० | ३१८.१ |
| भटमासको तेल (प्रशोधित) | ०.६५ | ५.९५ | ८१०.४ |
| सेन्थेटिक यार्न | ५.४८ | ५.१२ | -६.५ |
| उनी गलैंचा कार्पेट | ४.३७ | ४.३९ | ०.५ |
| तयारी कपडा | ३.५९ | ३.३१ | -७.९ |
| अन्य वस्तुहरु | ३५.६६ | ३२.३१ | -९.४ |
| **जम्मा** | **५३.०८** | **६४.९७** | **२२.४** |

स्रोतः भन्सार विभाग

### वस्तु पैठारी

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा कुल वस्तु पैठारी रू. ८ खर्ब ३ अर्ब ६० करोड रहेको छ। यस्तो पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.६ प्रतिशतले न्यून हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी २६.० प्रतिशतले बढेर रु.८ खर्ब ३३ अर्ब २७ करोड रहेको थियो। चालु आर्थिक वर्षको माघ महिनासम्म भारतबाट भएको पैठारी ८.० प्रतिशतले घटेको छ भने चीन र अन्य देशबाट भएको पैठारी क्रमशः ९.८ प्रतिशत र ०.८ प्रतिशतले बढेको छ। मुख्य पाँच वस्तुको पैठारी मूल्यको आधारमा हेर्दा चालु आर्थिक वर्षको पहिलो ७ महिनामा पेट्रोल, मलखाद, मोबाईल टेलिफोन सेट लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, एम.एस. विलेट, तयारी कपडा, एल.पी.ग्यास लगायतका वस्तुको पैठारी घटेको छ।

| तालिका (ङ) : २०७६ माघ महिनासम्ममा पैठारी भएका मुख्य ५ वस्तुहरु (रु. अर्बमा) | | | |
|---|---|---|---|
| वस्तुको नाम | २०७५ माघसम्म | २०७६ माघसम्म | वृद्धि प्रतिशत |
| डिजेल | ६३.६३ | ५८.२२ | -८.५ |
| एम. एस. विलेट | ४३.२९ | २७.२८ | -३७.० |
| पेट्रोल | २०.४० | २१.२६ | ४.२ |
| तयारी कपडा | २०.८१ | २०.१६ | -३.२ |
| एल. पि.ग्यास | २१.१९ | १७.८० | -१६.० |
| अन्य वस्तुहरु | ६६३.९५ | ६५८.८८ | -०.८ |
| **जम्मा** | **८३३.२७** | **८०३.६०** | **-३.६** |

स्रोतः भन्सार विभाग

### व्यापार सन्तुलन

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ५.३ प्रतिशतले घटेर रू. ७ खर्ब ३८ अर्ब ६३ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा २७.१ प्रतिशतले बढेर रू. ७ खर्ब ८० अर्ब १९ करोड रहेको थियो।

### सेवा व्यापार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा सेवा आय रू. ९० अर्ब ७४ करोड र सेवा खर्च रू. ९५ अर्ब २० करोड भई खुद सेवा आय रू. ४ अर्ब ४६ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. ९ अर्ब ४५ करोडले घाटामा रहेको थियो।

पर्यटन आयमा १४.२ प्रतिशतको वृद्धि र शिक्षा तर्फको खर्चमा २९.९ प्रतिशतले कमी आएको कारण सेवा क्षेत्रको असन्तुलनमा पनि सुधार हुँदै गएको छ ।

### विप्रेषण आप्रवाह तथा वैदेशिक रोजगार

आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा विप्रेषण आय अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.९ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ४७ अर्ब २६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रू. ४ खर्ब ४३ अर्ब ३६ करोड रहेको थियो।

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्म वैदेशिक रोजगारीमा जान अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या २०.३ प्रतिशतले बढेर १ लाख ५८ हजार ७ सय ४४ पुगेको छ। आर्थिक वर्ष २०७५/७६ को सोही अवधिमा यस्तो संख्या ३९.२ प्रतिशतले घटेको थियो। त्यसैगरी, चालु आर्थिक वर्षको माघ महिनासम्म वैदेशिक रोजगारीमा जान पुनःश्रम स्वीकृति लिने नेपाली कामदारको संख्या ३.२ प्रतिशतले बढेर १ लाख ६० हजार ८ सय ३ पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४.९ प्रतिशतले बढेको थियो।

### चालु खाता एवम् शोधानान्तर स्थिति

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा शोधानान्तर स्थिति रू. २६ अर्ब ६५ करोडले बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधानान्तर स्थिति रू. ६३ अर्ब ६८ करोडले घाटामा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता घाटामा उल्लेख्य सुधार भई रु. ८४ अर्ब ७१ करोड कायम रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो घाटा रू. १ खर्ब ५२ अर्ब १६ करोड रहेको थियो।

### विदेशी विनिमय सञ्चिति

२०७६ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू. १० खर्ब ३८ अर्ब ९२ करोड रहेकोमा २०७६ पुष मसान्तमा यस्तो सञ्चिति ५.५ प्रतिशतले बढेर रु.१० खर्ब ९५ अर्ब ९८ करोड पुगेको छ। २०७५ पुष मसान्तमा यस्तो सञ्चिति रू.१० खर्ब ५८ अर्ब २० करोड रहेको थियो। आर्थिक वर्ष

२०७६/७७ को पहिलो ६ महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिले ८.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहने देखिन्छ।

## वैदेशिक लगानी

आर्थिक वर्ष २०७६/७७ को पुष महिनासम्ममा प्रत्यक्ष वैदेशिक लगानी प्रतिवद्धता गत आर्थिक वर्षको रु. ४५ अर्ब ८३ करोड ३६ लाख को तुलनामा ३१५.३ प्रतिशतले वृद्धि भई रु.१ खर्व ९० अर्ब ३६ करोड २० लाख पुगेको छ । यस मध्ये लगानी बोर्ड मार्फत रु १ खर्व ६२ अर्ब ३७ करोड ७० लाख र उद्योग विभाग मार्फत रु २७ अर्व ९८ करोड ५० लाख बराबरको वैदेशिक लगानी स्वीकृत भएको छ ।

## विनिमय दर

२०७६ असार मसान्तमा नेपाली रुपैयाको अमेरिकी डलर १ को खरिद विनिमय दर रू. १०९.३६ रहेकोमा २०७६ माघ मसान्तमा नेपाली रुपैया अमेरिकी डलरसँग ४.० प्रतिशतले अवमूल्यन भई रु.११३.७६ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैया अमेरिकी डलरसँग ३.७ प्रतिशतले अवमूल्यन भएको थियो।

## अन्य आर्थिक गतिविधी

### कम्पनी दर्ता

आर्थिक वर्ष २०७६/७७ को माघ महिनासम्ममा थप कम्पनी दर्ताको संख्या १५ हजार १५ रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १५ हजार ४ सय ८२ ले थप भएको थियो।

### पर्यटक आगमन

सन् २०१९ को जनवरीमा स्थलमार्गबाट नेपाल आउने भारतीय पर्यटक बाहेकका पर्यटकको संख्या ८१ हजार २ सय ७३ रहेकोमा सन् २०२० को जनवरीमा यस्तो संख्या २.० प्रतिशतले घटेर ७९ हजार ६ सय ८६ पुगेको छ।चीनको हुवेइ प्रान्तमा फैलिएको कोरोना भाइरसको कारण चीनबाट नेपाल आउने पर्यटकको संख्यामा उल्लेख्य रुपमा कमी आउनुको साथै अन्य मुलुकमा पनि यस्को त्रास बढदै गएकोले यस अवधिमा पर्यटक आगमनको संख्या घटन गएको हो ।

### विद्युत उपभोग

चालु आर्थिक वर्ष २०७६/७७ को पहिलो ६ महिनामा विद्युत उपभोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १६.६ प्रतिशतले वढेर ३५९०.३ गिगावाट घण्टा पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उपभोग ३०७९.६ गिगावाट घण्टा रहेको थियो।

# नीतिगत तथा कानूनी राय परामर्श

- राजस्व छुटका विभिन्न सूचनाहरु सम्पादनको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको र उक्त मन्त्रालयबाट सम्पादन भई आएका सूचनाहरु प्रकाशन गर्न मुद्रण विभाग पठाइएको छ।
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५ मा संशोधनका लागि मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने प्रयोजनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सहमति प्राप्त भएको छ ।
- नेपाल धितोपत्र बोर्डबाट संशोधन स्वीकृति माग भई आएका धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (मर्चेण्ट बैङ्कर) नियमावली, २०६४ (दोस्रो संशोधन) र सामूहिक लगानी कोष नियमावली, २०६७ (तेस्रो संशोधन) मा स्वीकृति प्रदान गरिएको छ।
- कृषि विकास बैंकको कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७६ मा परामर्शका लागि लोक सेवा आयोगमा पठाइएको छ।
- आयकर (दशौं संशोधन) नियमावली, २०७६ को मस्यौदामा तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको छ।
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/१०/६ को निर्णय बमोजिम राजस्व परामर्श विकास समिति (गठन आदेश २०७६) स्वीकृत भएको छ ।

# मन्त्रालयका गतिविधीहरु

- २०७६ माघ १४ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुबाट आ.व.२०७६/०७७ मा सञ्चालित विकास कार्यक्रमहरुको अर्ध वार्षिक प्रगति समीक्षा सम्पन्न भएको छ ।
- २०७६ माघ २३ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले भन्सार व्यवस्थापन गोष्ठीको उद्घाटन गर्नु भएको छ ।
- अर्थ सचिव डा. राजन खनालको नेतृत्वमा राष्ट्रिय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाहरु अन्तर्गतको मध्य पहाडी लोकमार्ग तथा मदन भण्डारी लोकमार्गको पूर्व खण्डको स्थलगत अनुगमन सम्पन्न भएको छ ।
- विश्व भन्सार संगठन (WCO) को प्राविधिक सहयोगमा रहेको Anti-Corruption and Integrity Promotion Program (ACIP) कार्यक्रम अन्तर्गत पहिलो चरणमा भन्सार सदाचार अनुभूति सर्वेक्षण (CIPS) कार्यको शुरुवात भएको छ ।
- आ.व. २०७६/७७ को आर्थिक सर्वेक्षण तयारी सम्बन्धमा कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा छलफल तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान प्रदान गर्ने प्रयोजनका लागि नेपाल राष्ट्र बैंकलाई थप रु. १ अर्ब निकासा दिइएको छ ।
- सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अधिकृत र सहायक स्तरीय सेवाकालीन तालिम शुरु भएको छ ।
- उपभोक्ताले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य विद्युतीय उपकरणका माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम निजको

बैंक खातामा फिर्ता गर्ने व्यवस्था कार्यान्वयन गर्ने प्रणाली शुरु भएको छ ।

## अन्य गतिविधिहरु

- २०७६ माघ ३ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको उपस्थितिमा अन्तर्राष्ट्रिय मुद्रा कोषको Article IV मिसनको बैठक सम्पन्न भएको छ । सो अवसरमा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले मिसनले अर्थतन्त्रका विभिन्न पक्षमा अध्ययन गरी प्रतिवेदन तयार गरेको प्रति धन्यवाद दिंदै नेपालमा हाल अर्थतन्त्रका अधिकांश परिसूचकहरु सकारात्मक रहेका, करिब १ अर्ब अमेरिकी डलर बराबर वैदेशिक लगानीको सम्झौता भैसकेको, सहमति भैसकेका आयोजनाहरु तुरुन्त कार्यान्वयन गर्न सकिने अवस्थामा रहेको, रेलमार्ग, सडकमार्ग, जलविद्युत क्षेत्रका केही ठूला आयोजनाहरु यसै वर्ष सम्पन्न हुने र केही आगामी वर्षमा सम्पन्न हुने अवस्थामा रहेको, पर्यटन क्षेत्रमा सुधारका संकेत देखिन थालेको, आगामी वर्षदेखि विद्युत उत्पादनमा वृद्धि भै निर्यात वृद्धि र आयात प्रतिस्थापनमा सहयोगी भूमिका निर्वाह गर्ने कारण आर्थिक विस्तारका संभावना प्रचुर रहेको, दक्षिण एशियाली मुलुक लगायत अन्य मुलुकहरुको आर्थिक परिदृष्यको समीक्षा गर्दै त्यसबाट नेपाललाई पर्नसक्ने नकारात्मक प्रभावलाई रोक्न सजग रहेको तथा सम्भावित जोखिमहरुलाई व्यवस्थापन गर्न नेपाल सक्षम रहेको कुरा छलफलमा बताउनु भयो ।



माननीय अर्थमन्त्री डा. युवराज खतिवडा अन्तर्राष्ट्रिय मुद्रा कोषको Article IV मिसनको बैठकमा सहमागी हुनुहुँदै

- मिसन प्रमुख लाउरा जरमिलोले नेपालले पछिल्लो समयमा समग्र आर्थिक क्षेत्रमा गरेको सुधारको प्रशंशा गर्दै वि.सं. २०७२ सालमा विनाशकारी भू-कम्पबाट भएको क्षतिको बाबजुद बढ्दो राजनीतिक स्थिरता, नीतिगत सुधार, विद्युत आपूर्तिमा भएको सुधार र पुनर्निर्माण क्रियाकलापले गर्दा नेपालको अर्थतन्त्र विगत केही वर्षहरुमा पूर्व अनुमान गरेभन्दा बढी विस्तार भएको, चालू खाता तर्फको घाटा सुधार हुँदै गएको, कर्जा प्रवाहमा सुधार देखिएको, विदेशी मुद्राको सञ्चिती बढ्दै स्थायित्वतर्फ अग्रसर भएको, व्यापार घाटा क्रमशः कम हुँदै गएको, पछिल्लो समय नेपालमा गरिएको सुधारको प्रयासले व्यावसायिक वातावरण अनुकूल बन्दै गएको बताउँदै उक्त सुधार कार्यक्रमलाई संस्थागत, दिगो र थप प्रभावकारी बनाउनु पर्नेमा जोड दिनु भयो ।

- २०७६ माघ ६ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको समुपस्थितिमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स एशोशियसनका पदाधिकारीहरुसँग बैंकबाट ऋण लिने ऋणीले आन्तरिक राजस्व कार्यालयमा पेश गरेको विवरण र बैंकमा प्रस्तुत गरेको वित्तीय विवरणको बीचमा अन्तर आवद्धताको प्रभाव तथा तत् सम्वन्धमा देखिएका समस्याहरु समाधान गरी व्यवसायिक वातावरणलाई सहज बनाउने र कर्जा प्रवाह गर्दा खोजिने कर चुक्ता प्रमाणपत्रको कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्ने विषयमा छलफल भएको थियो।



मा मन्त्रीज्यू .नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स एशोशियसनका पदाधिकारीहरुसँगको छलफलमा

- मिति २०७६ माघ ८ गते त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागद्वारा आयोजित 'साउथ एसिया इकोनोमिक स्टुडेन्ट मिट २०२० लाई प्रमुख वक्ताको रुपमा सम्बोधन गर्दै मा.अर्थमन्त्री डा. युवराज खतिवडाले दक्षिण एसिया विकासको गतिमा अघि बढिरहेकोले त्यसलाई थप गतिशिलता प्रदान गर्नु पर्ने बताउनु भएको छ । त्यसका लागि मानव जनशक्ति, यातायात संजाल र अन्य पूर्वाधार विकास गर्नु पर्ने, कृषि, पर्यटन र ऊर्जाले मुलुकको विकासका ठूलो योगदान दिने र दक्षिण एसियाली मुलुकमा यसको प्रचुर सम्भावना रहेकाले त्यसको उपयोग बढाउदै जानुपर्ने मा समेत जोड दिनु भएको छ ।
- २०७६ माघ १५ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडासंग Swiss Investment Fund For Emerging Markets का अध्यक्ष Mr. Jorg Frieden को भेटवार्ता भएको छ । माननीय अर्थमन्त्रीले नेपालका विकास प्राथमिकता, आर्थिक स्थिति र लगानीमैत्री वातावरणका लागि भएका प्रयास, प्रत्यक्ष वैदेशिक लगानीको थ्रेसहोल्ड संशोधन, विभिन्न देशहरुसँग दोहोरो करमुक्ति सम्झौता, च्यालेन्ज फण्ड शुरुवात भएको तथा लगानी आकर्षित गर्ने गरी कानूनहरु निर्माण गरिएको र विद्यमान कानूनको परिमार्जन गर्न लागिएको बताउनु भयो । माननीय अर्थमन्त्रीले मुलुकको द्रुत विकासको लागि आन्तरिक स्रोत पर्याप्त नभएकोले औद्योगिक तथा पूर्वाधार विकासका लागि निजी, सार्वजनिक लगायत सबै प्रकारको वैदेशिक स्रोतको आवश्यकता रहेको बताउनु भएको थियो ।
- अन्तराष्ट्रिय भन्सार दिवसको अवसरमा २०७६ माघ १२ गते अर्थमन्त्री डा. युवराज खतिवडाबाट अन्तराष्ट्रिय भन्सार दिवसको उद्घाटन गर्नु भयो र सोही दिन त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयको नवनिर्मित भवनको समेत उद्घाटन गर्नु भयो।




अन्तराष्ट्रिय भन्सार दिवसको अवसरमा अर्थमन्त्री डा. युवराज खतिवडा